# हरिनगर गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः** ७ **संख्याः** २ **मितिः** २०८१/०२/३०

**भाग-२**

**हरिनगर गाउँपालिका**


## हरिनगर गाउँपालिका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१

**गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः** २०८१ । ०२ । ३०

१. **प्रस्तावनाः** कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० मा गरिएको तह वृद्धि सम्बन्धि व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा १५१ ले दिएको अधिकार प्रयोग गरी हरिनगर गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरेको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "हरिनगर गाउँपालिका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई हरिनगर गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागू हुनेछ ।

३. **परिभाषाः** विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

(क) **"ऐन"** भन्नाले कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० सम्झनु पर्छ ।

(ख) **"कर्मचारी"** भन्नाले हरिनगर गाउँपालिका अन्तर्गतको स्थानीय सरकारी सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम हरिनगर गाउँपालिकामा समायोजन भएका कर्मचारी साथै संघीय तथा प्रदेश लोक सेवा आयोगबाट सिफारिस भै हरिनगर गाउँपालिकामा स्थायी नियुक्ति भएका कर्मचारी समेतलाई जनाउँदछ ।

(ग) **"प्रदेश"** भन्नाले कोशी प्रदेश सम्झनु पर्दछ ।

(घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हरिनगर गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) **"कार्यपालिका"** भन्नाले हरिनगर गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(च) **"कार्यालय"** भन्नाले हरिनगर गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(छ) **"अख्तियारवाला"** भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सरकारी सेवामा नियुक्ति पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनु पर्छ ।

(ज) **"गाउँपालिका"** भन्नाले हरिनगर गाउँपालिका सुनसरीलाई सम्झनु पर्दछ ।

(झ) **"प्रदेश लोक सेवा आयोग"** भन्नाले प्रदेश लोक सेवा आयोग कोशी प्रदेश विराटनगरलाई सम्झनु पर्दछ ।

(ञ) **"परामर्श"** भन्नाले यस गाउँपालिका अन्तर्गत कार्यरत स्थायी कर्मचारीहरुको वृत्ति विकास वा विभागीय कारवाहीका लागि लोक सेवा आयोग वा प्रदेश लोक सेवा आयोगमा लिइने परामर्शलाई समेतलाई सम्झनु पर्दछ ।

(ट) **"लोक सेवा आयोग"** भन्नाले केन्द्रीय लोक सेवा आयोगलाई सम्झनु पर्दछ र सो शब्दले लोक सेवा आयोग अन्तर्गतका कार्यालयहरु समेतलाई जनाउँदछ ।

(ठ) **"तहवृद्धि"** भन्नाले ऐनको दफा २७ वमोजिम हुने तहवृद्धिलाई सम्झनु पर्दछ ।

(ड) **"प्रदेश कितावखाना"** भन्नाले कोशी प्रदेश सरकार अन्तर्गत स्थापित प्रदेश कितावखानालाई सम्झनु पर्दछ ।

(ढ) **"मन्त्रालय"** भन्नाले कोशी प्रदेशको मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयलाई सम्झनु पर्दछ ।

४. <u>सूचना प्रकाशन गर्ने:</u> (१) ऐनको दफा २७ वमोजिम तह वृद्धिका लागि गाउँ कार्यपालिकाको कार्यालयले हरेक वर्षको ज्येष्ठ मसान्त र मंसिर मसान्त भित्र सूचना प्रकाशन गर्नेछ र सो सूचना सबै उमेद्वारहरुले जानकारी पाउने गरी आफ्नो वेवसाइट र सूचना पाटीमा समेत सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचनामा तोकिएको म्याद भित्र तह वृद्धिको लागि यस कार्यविधिको दफा ६ बमोजिमको योग्यता पूरा गरेका स्थायी कर्मचारीले गाउँ कार्यपालिकाको कार्यालयमा तह वृद्धिको लागि देहायका कागजातहरु संलग्न गरी अनुसूची–१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) सेवा अवधि पुष्टि गर्ने स्थायी नियुक्ति पत्र र सो पदमा शुरु बहाली भएको पत्रको प्रतिलिपी

(ख) बढुवा/तहवृद्धि भएको भए सो पत्रको प्रतिलिपी

(ग) स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपी

(घ) विभागीय सजाय नपाएको निलम्वनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र

(ङ) पेशा सम्वन्धी व्यवसायी परिषदले उपलव्ध गराइएको नविकरण सहितको प्रमाण पत्रको प्रतिलिपी (सम्वन्धित पेशाको हकमा मात्र)

(च) पछिल्लो तीन वर्षमा कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम र ठेगाना

(छ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी

(ज) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) वमोजिम तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि खुलेको प्रमाण पत्रको प्रतिलिपी

(झ) ऐनको दफा २७ को उपदफा ४ वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

(३) उपदफा (२) वमोजिम पेश गर्नु पर्ने कागजातहरुको प्रतिलिपीको पिठमा उमेद्वार स्वयंले सक्कल वमोजिमको नक्कल ठिक छ, झुठा ठहरे कानून वमोजिम सहुँला बुझाउँला भनी सही गरेको हुनु पर्नेछ ।

५. <u>सिफारिस समिति</u> (१) ऐनको दफा २७ को उपदफा ४ बमोजिम कर्मचारीको तह वृद्धिका लागि सिफारिस गर्न देहाय अनुसारको तहवृद्धि सिफारिस समिति रहनेछ ।

(क) प्रमुख प्रशासकीय अधिकृत – अध्यक्ष

(ख) कार्यपालिकाले तोकेको एक महिला सहित २ जना वरिष्ठ कर्मचारी – सदस्य

(२) कार्यविधिको दफा ४ बमोजिम सूचना प्रकाशित भई तह वृद्धिका लागि तोकिएको म्याद भित्र प्राप्त भएको निवेदनहरु सिफारिस समितिमा पेश भई सो समितिले आवश्यक छानविन गरी समितिको निर्णय सहित तहवृद्धिका लागि गाउँ कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(३) तहवृद्धि सिफारिस समितिलाई तह वृद्धि सिफारिस सम्बन्धमा निर्णय लिन कुनै दुविधा उत्पन्न भएमा सो सम्बन्धमा ऐनको दफा ३८ बमोजिमको बढुवा समितिको निर्णय बमोजिम हुनेछ ।

(४) सिफारिस समितिको सचिवालय प्रशासन शाखा वा एकाईमा रहनेछ ।

६. **<u>तह वृद्धि सम्वन्धी विशेष व्यवस्था:</u>** (१) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० वमोजिम तोकिएको पदहरुको तह वृद्धि सोही ऐनको विभिन्न दफाहरुमा व्यवस्था भए वमोजिम हुनेछ ।

(२) हरिनगर गाउँपालिकाको कार्यालय वा अन्तर्गत स्थायी दरवन्दीमा नियुक्त भएका कर्मचारीहरु कोशी प्रदेश भन्दा बाहिर रहने गरी अन्तर प्रदेश कामकाजमा खटिएको अवस्थामा रहेका भए पनि सो कर्मचारीहरुको तह वृद्धि यसै कार्यालयबाट हुनेछ ।

(३) कोशी प्रदेश अन्तर्गतका अन्य स्थानीय तहबाट यस स्थानीय तहमा कामकाजमा खटिएका कर्मचारीको हकमा दरबन्दी पदाधिकार रहेको स्थानीय तहबाट नै निजको तह वृद्धि गरिनेछ ।

(४) यस कार्यविधि बमोजिम तह वृद्धि भएका कर्मचारीलाई अनुसूची–२ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको पत्र दिनेछ ।

७. **<u>ज्येष्ठता कायम:</u>** (१) तह वृद्धि हुने पदको ज्येष्ठता प्रत्येक वर्षको साउन र माघ महिनामा हुने तहवृद्धिको निर्णय मितिलाई मानिनेछ ।

(२) जेष्ठता सम्वन्धी अन्य व्यवस्था ऐनमा उल्लेख भए वमोजिम हुनेछ ।

८. **<u>तह वृद्धि गर्न नहुने:</u>** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सिफारिस समितिले कर्मचारीलाई तह वृद्धिको लागि सिफारिस गर्न पाइने छैन ।

(क) प्रचलित कानून बमोजिम निलम्वन भएकोमा निलम्वन भएको अवधि भर,

(ख) ऐन तथा सेवा शर्त सम्बन्धी कानून बमोजिम विभागीय सजाय भई बढुवा रोक्का भएकोमा रोक्का भएको अवधिभर,

९. **<u>तह वृद्धि गर्नु पर्ने समय सीमा:</u>** स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन २०८० तथा यस कार्यविधि वमोजिम तह वृद्धिका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धिका लागि तोकिएको समितिले दरखास्त दिने म्याद सकिएको ७ दिन भित्र तह वृद्धिका लागि सिफारिस गरी सक्नु पर्नेछ र सो सिफारिस प्राप्त भएको ७ दिन भित्र ऐनको दफा २७(३) वमोजिम गाउँ कार्यापालिकाले निर्णय गरी कानून वमोजिमको तह वृद्धिको पत्र प्रमुख प्रशासकीय अधिकृतले दिनु पर्नेछ ।

१०. **<u>तह वृद्धि भएको विवरण सार्वजनिक गर्नु पर्ने</u>**: यस कार्यविधि वमोजिम तह वृद्धि भएका कर्मचारीहरुको विवरण कार्यालयको सूचना पाटी र वेभ साइट मार्फत अनिवार्य रुपमा प्रकाशन गरी सार्वजनिन गर्नेछ ।

११. **<u>तह वृद्धि भएका कर्मचारीको सेवा सुविधा:</u>** यस कार्यविधि बमोजिम तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलव भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

१२. **<u>जानकारी दिनु पर्ने:</u>** यस कार्यविधि बमोजिम कार्यालयले गरेको तह वृद्धिको जानकारी निर्णय भएको मितिले पन्ध्र दिन भित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ ।

१३. **<u>उजुरी/गुनासो:</u>** तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी वा गुनासो गर्न सक्नेछ ।

१४. **<u>प्रचलित कानून वमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएको विषयका हकमा यसै कार्यविधि वमोजिम र अन्य विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ ।

१५. **<u>बाधा अडकाउ फुकाउ:</u>** यो कार्यविधि कार्यान्वयनको क्रममा द्विविधा वा कुनै बाधा अडकाउ उत्पन्न भएमा वाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोकसेवा आयोगको परामर्शमा गाउँ कार्यपालिकामा रहनेछ ।

१६. **<u>खारेजी र बचाउ:</u>** हरिनगर गाउँपालिका कर्मचारीहरुको तह वृद्धि सम्बन्धी (पहिलो संशोधन समेत) कार्यविधि, २०८० खारेज गरिएको छ । सो कार्यविधि वमोजिम भएका कार्यहरु प्रचलित कानून वमोजिम भए सरह मानिने छ ।

अनुसूची–१

(कार्यविधिको दफा ४ (२) सँग सम्वन्धित)

## तह वृद्धिको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति: २०    /    /

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
हरिनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
तह वृद्धि सिफारिस समिति हरिनगरा, सुनसरी

**विषय:** तह वृद्धि /तह मिलान गरी पाउँ ।

प्रस्तुत विषयमा यस कार्यालयको तह वृद्धि सम्वन्धी मिति ......................गते प्रकाशित सूचना अनुसार हाल म तपसिल वमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिमको देहायको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तपसिल वमोजिमको कागजात सहित यो निवेदन पेश गर्दछु ।

**तपसिल**

(क) सेवा अवधि पुष्टि गर्ने स्थायी नियुक्ति पत्र र सो पदमा शुरु बहाली भएको पत्रको प्रतिलिपी
(ख) बढुवा/तहवृद्धि भएको भए सो पत्रको प्रतिलिपी
(ग) स्थानीय तहमा समायोजन भएको कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपी
(घ) विभागीय सजाय नपाएको निलम्वनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र
(ङ) पेशा सम्वन्धी व्यवसायी परिषदले उपलव्ध गराइएको नविकरण सहितको प्रमाण पत्रको प्रतिलिपी (सम्वन्धित पेशाको हकमा मात्र)
(च) पछिल्लो तीन वर्षमा कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम र ठेगाना:–
(छ) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
(ज) स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) वमोजिम तोकिएको आवश्यक न्यूनतम शैक्षिक योग्यता र सेवा अवधि खुलेको प्रमाण पत्रको प्रतिलिपी
(झ) ऐनको दफा २७ को उपदफा ४ वमोजिमको तह वृद्धि सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

| हाल कार्यरत पदको विवरण | तह वृद्धि/तह मिलान हुने पदको विवरण |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समुह: | समुह: |
| स्तर: | स्तर: |
| कार्यालय: | कार्यालय: |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**
नाम :
दस्तखत :
कर्मचारी संकेत नम्बर :

अनुसूची–२

(कार्यविधिको दफा ६ को उपदफा (४) सँग सम्वन्धित)

**तह वृद्धि पत्रको ढाँचा**

**हरिनगर गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**हरिनगरा, सुनसरी**

**कोशी प्रदेश, नेपाल**

**प स:**

**च न:** **मिति:**

**विषय: तह वृद्धि गरिएको ।**

तपाईंलाई यस कार्यालयको मिति ..................को निर्णयानुसार स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८० को दफा .......बमोजिम स्थानीय सरकारी सेवाको पदमा देहाय बमोजिम तह वृद्धि/तह मिलान गरिएको छ । तह वृद्धि/तह मिलान हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको कामना गर्दछु ।

तपसिल :

| **हाल कार्यरत पदको विवरण** | **तह वृद्धि भएको पदको विवरण** |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समुह: | समुह: |
| स्तर: | स्तर: |
| कार्यालय: | कार्यालय: |
| | लागु हुने मिति: |

श्री ................

कर्मचारी संकेत नम्बर........

**बोधार्थ :**

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाडौं ।

श्री लोक सेवा आयोग, केन्द्रीय कार्यालय अनामनगर काठमाडौं ।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेश विराटनगर मोरङ्ग ।

श्री राष्ट्रिय कितावखाना (निजामती) पुल्चोक ललितपुर ।

श्री प्रदेश लोक सेवा आयोग, विराटनगर मोरङ्ग ।

श्री प्रदेश कितावखाना, विराटनगर मोरङ्ग ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सुनसरी ।

श्री कर्मचारी सञ्चयकोष, विराटनगर मोरङ्ग ।

श्री आर्थिक प्रशासन शाखा, हरिनगर गाउँ कार्यपालिकाको कार्यालय हरिनगरा, सुनसरी ।

आज्ञाले,

नाम: तुलराज थापा मगर

प्रमुख प्रशासकीय अधिकृत